# श्रद्धान्जली

- धीषण निरौला

सम्झौं सम्झन खै सकिन्न किनहो यो मार्च एघार हो
जोडौं एक दुईहजार दशमा बिर्सेर बिर्सिन्न यो
ल्यायो छाल समुद्रमा कति छिटै पूरै छचल्क्यो किन
पार्यो ध्वस्त सबै बिजोग हुनगो विज्ञानको यो किन

दुई छयालीसमा डुब्यो फुकुशिमा सारा मियागी डुब्यो
सोच्नै सम्म सकिन्न  हो गजबको आइ सुनामी कुद्यो
आयो थाह नभै सरासर सबै मान्छे बढार्यो लग्यो
मान्छे मात्र कहाँ थियो धन जहाँ जेजे सबै नै बग्यो

मर्नेको गणना गरौं शहरनै  हेरौं सबै शुन्य छ
के कस्तो क्षति भो  भनौं शहर नै  सम्पूर्ण यो ध्वस्त छ
हाहाकार भयो सबतिर सबै देखेर यो त्रस्त छन्
फैलेको छ अरे र रेडियमको सन्त्रास बढ्दैछ झन्

लीला बुझ्न  यहाँ बडो कठिन भो हे दैव यो के गर्यौ
पार्नेनैछ  सखाप यो यदि भने के कामले यो भर्यौ
दिन्छौ बुद्धिबिवेक यो गर भनि  आफैं तिमी सोचत
गर्छौ पौरख यो सखाप कसरी पाछौं स्वयम सोचत

मर्नेको पनि भो बिजोग कसरी सम्झे मनै दुख्तछ
बाँच्नेको पनि छैन हालत निको  सम्झे मनै सुक्तछ
मुक्तात्मा बनहै सबै दिन दिनै जोडिन्छ यो अन्जली
अर्पौ के  अहिले खुला हृदयले अर्पछु श्रद्धान्जली

यो कविता  गत मार्च ११मा जापान मा गएको सुनामीमा ज्यान गुमाएका ज्ञात अज्ञात व्यक्तिहरुप्रति श्रद्धासुमन  ब्यक्त गर्दै लेखेको कविता हो
साथै प्रकृति प्रतिको गुनासो पानी अलिकति पोखेको छु .

(Dhishan Niraula)
Japan.